प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# पनौती प्राविधिक शिक्षालय

पनौती, काभ्रेपलाञ्चोक

## नयाँ प्रशिक्षार्थी भर्ना सम्बन्धी सूचना।

प्रकाशित मिति २०८०।०३।२९ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक (सरकारी) शिक्षालय पनौती प्राविधिक शिक्षालय पनौती, काभ्रेपलाञ्चोकमा **शैक्षिक सत्र २०८०।८१** को लागि ३ वर्ष **Diploma in Automobile Engineering** कार्यक्रममा भर्नाको लागि आवेदन फाराम खुलेको हुँदा योग्यता पुगेका इच्छुक परीक्षार्थीहरूबाट दरखास्त आह्वान गरिन्छ।

**कोटा विवरणः**

| छात्रवृत्ती | | | CTEVT कर्मचारी/ कर्मचारी परिवार | सहुलियत लक्षित वर्ग कोटा | | | | | पूर्ण शुल्कीय कोटा | | जम्मा कोटा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेहेन्दार छात्रवृत्ती | आंशिक छात्रवृत्ती (पनौती नगरपालिका) | वर्गिकृत छात्रवृत्ती | | दुर्गम | महिला | दलित | जनजाती/ आदिवासी/ मधेशी र मुसलमान | द्वन्द्वपिडित (शहिद परिवार, घाइते/घाइते परिवार र विस्थापित | टिएसएलसी/ प्राएसएलसी | पूर्ण शुल्कीय खुला कोटा | |
| १ | १ | २ | १ | १ | २ | १ | १ | १ | ३ | १० | २४ |

**भर्ना शुल्क (३ वर्षको)**

| पूर्ण शुल्कीय तर्फ - रू. ८६,९०० | सहुलियत शुल्क तर्फ - रू. ६२,९०० | नगरपालिका कोटा तर्फ - रू. १९,१०० |
|---|---|---|

**आवश्यक न्यूनतम योग्यताः**

मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषदबाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको।

**वा**

मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषदबाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको।

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगिन फोटो।
ख) एस.एल.सी. वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी।
ग) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी।
घ) पूर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने परीक्षार्थीहरूले आफू पर्ने लक्षित वर्ग खुल्ने कागजातको प्रतिलिपी।

**आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी विवरणः**

- ✓ प्रवेश परीक्षा शुल्कः रू.१,५००.००
- ✓ फाराम वितरण मितिः २०८० आषाढ २९ गते शुक्रबारदेखि
- ✓ फाराम बुझाउने अन्तिम मितिः २०८० श्रावण १२ गते शुक्रबारसम्म
- ✓ फाराम पाइने वा बुझाउने स्थानः पनौती प्राविधिक शिक्षालय पनौती, काभ्रेपलाञ्चोक
- ✓ प्रवेश परीक्षा सञ्चालन मितिः २०८० श्रावण २४ गते बुधबार विहान ८:०० बजे
- ✓ परीक्षा केन्द्रः पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलाञ्चोक

***थप जानकारीका लागि पनौती प्राविधिक शिक्षालयको सम्पर्क नं. ०११४४०२५०/९८५१३३०२६४ मा सम्पर्क गर्न सक्नुहुनेछ।***

**शिक्षालय प्रमुख**